सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको डिभिजन वन कार्यालय बाँके सम्बन्धित सुचनाहरु

# आर्थिक वर्ष २०७७ /२०७८

प्रदेश सरकार

लुम्बिनी प्रदेश

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

वन निर्देशनालय

# डिभिजन वन कार्यालय बाँके

# नेपालगन्ज

# बिषय-सूचि


बिषय पेज नं

१. डिभिजन वन कार्यालय बाँकेको स्वरुप र प्रकृति........ २

१.१ कार्यालयको उद्देश्य........ २

१.२ कार्यालयको कार्यक्षेत्र........ ३

१.३ कार्यालयको संगठन स्वरुप........ ४

३. निर्णय गर्ने प्रक्रिया र अधिकारी........ ७

४. निर्णय उपर उजुरी सुन्ने अधिकारी........ ७

५. बाँके जिल्लाको वन क्षेत्रको विवरण........ ७

६. स्थानीय तह अनुसार वन क्षेत्रको विवरण........ १०

७. वन व्यवस्थापनमा अपनाइएका पद्धतिहरुको तथ्याङ्क........ १०

९ बैज्ञानिक वन व्यवस्थापन कार्ययोजना स्विकृत भएका विवरण........ १०

१० वन पैदावारको उत्पादन, सदुपयोग एवं प्राप्त राजश्व सम्बन्धी विवरण (आ.व. २०७७/७८ को बार्षिकको प्रगति)........ १३

११ वन तथा वन्यजन्तु संग सम्बन्धित मुद्दा सम्बन्धी (आ.व. २०७७/७८ को बार्षिकको प्रगति)........ १४

११ वन अतिक्रमण सम्बन्धी विवरण........ १५

१२ मानव वन्यजन्तु द्वन्द सम्बन्धी (आ.व. २०७७/७८ को बार्षिक स्थिति)........ १५

१३ मृत्यु, घाइते, उद्धार तथा पुर्नस्थापना गरिएका वन्यजन्तु सम्बन्धी (आ.व. २०७७/७८ को बार्षिक स्थिति)१६

१४ कर्मचारी दरबन्दी तथा पदपुर्ति सम्बन्धी विवरण (आ.व. २०७७/७८ को बार्षिकको अन्तमा कायम रहेको)........ १९

१६. यस कार्यालयबाट सम्पादन भएको मुख्य कामहरुको विवरण........ २७

१७. सूचना अधिकारी र प्रमुखको नाम र पद........ ३०

## १. डिभिजन वन कार्यालय बाँकेको स्वरुप र प्रकृति

नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७५।०३।३२ को निर्णयबाट प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय मातहत रहने निकायहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृत भए अनुसार वन संग प्रचलित सम्बन्धित ऐन, नियम, संघीय तथा प्रादेशिक वन नीतिको प्रभावकारी कार्यान्वयन गरी बाँके जिल्लाको वन क्षेत्रको दिगो विकास एवं व्यवस्थापन गर्न प्रदेश वन निर्देशनालय डिभिजन वन कार्यालय बाँके रहने व्यवस्था रहेको छ । डिभिजन वन कार्यालय संघीय र प्रदेश सरकारको वनसंग सम्बन्धित ऐन, नियम, नीति र निर्देशन र कार्यक्रम कार्यान्वयन गर्ने जनस्तरमा रहेको सबैभन्दा तल्लो सेवा प्रवाह गर्ने कार्यान्वयन इकाई समेत भएकोले यसलाई लुम्बिनी प्रदेश उद्योग , पर्यटन, वन तथा वातावरण मन्त्रालय, वन निर्देशनालयको वन क्षेत्रको निकायको मेरुदण्डको रुपमा हेरिएको छ ।

डिभिजन वन कार्यालय बाँकेको कामको प्रकृति, विशिष्टता, सेवा प्रवाहको आवश्यकता र उपादेयतालाई मध्यनजर गरी वन प्राविधिक, प्रशासनिक तथा सशस्त्र वन रक्षक कर्मचारीहरुको दरबन्दीको व्यवस्थापन गरिएको छ । जिल्लाको वनक्षेत्र संरक्षणको लागि सशस्त्र वन रक्षकहरु संघीय सरकार मातहत रहेर तिनको दरबन्दी डिभिजन वन कार्यालय अन्तर्गत राखी कामकाज गर्ने व्यवस्था रहेको छ ।

## १.१ कार्यालयको उद्देश्य

डिभिजन वन कार्यालयका मूलभूत उद्देश्यहरु देहाय बमोजिम छन ।

- डिभिजनको क्षेत्रभित्रको राष्ट्रिय वनको संरक्षण, सम्वर्धन तथा सदुपयोग गर्ने ।
- डिभिजन स्तरीय संघीय र प्रदेश सरकारका वनसंग सम्बन्धित ऐन, नियम तथा नीतिहरुको प्रभावकारी कार्यान्वयन गर्ने ।
- प्रचलित ऐन, नियम र नीति अनुसार सम्भाव्य चक्ला, सामुदायिक तथा धार्मिक वन क्षेत्रहरुको पहिचान, विकास एवं व्यवस्थापन गर्ने ।
- डिभिजन स्तरिय वन विकास कार्यमा जनसहभागिता परिचालन गर्दै वन निकायबाट जनतालाई प्रवाह गर्नुपर्ने सेवा सुविधा चुस्त, दुरुस्त, प्रभावकारी वन प्रशासनबनाई कायम गर्ने ।
- डिभिजनको क्षेत्रमा नीजि वन र कृषि वन प्रणालीको विकास विस्तार गर्ने एवं आवश्यक सिप, ज्ञान र प्रविधी हस्तान्तरण गर्ने ।
- डिभिजन स्तरिय पन्चवर्षिय एवं वार्षिक योजना तर्जुमा गरी स्वीकृतिको लागि प्रदेश वन निर्देशनालयम पेश गर्ने ।


- ❖ डिभिजन स्तरिय सरकारी तथा स्थानीय निकाय र गैरसरकारी संघसंस्थाहरु, स्थानीयतहहरुसंग समन्वय विस्तार गरी वन विकास एवं व्यवस्थापन कार्यहरु संचालन गर्ने ।
- ❖ डिभिजनमा संचालित वन विकास कार्यक्रमको प्रगती बिबरणको साथै अनुगमन प्रतिवेदन प्रदेश वन निर्देशनालय, वन तथा भू-संरक्षण विभाग र अन्य सम्वन्धित निकायहरुमा पेश गर्ने ।
- ❖ संघीय र प्रदेश सरकारले तोकेको अन्य कार्यहरु गर्ने गराउने ।

## १.२ कार्यालयको कार्यक्षेत्र

- ❖ वन विकास तथा व्यवस्थापन सम्बन्धि संघीय र प्रदेश सरकारका ऐन, नियम नीति र निर्देशन कार्यान्वयन गर्ने ।
- ❖ वन संरक्षण एवं सम्बर्धन सम्बन्धि ऐन, नियम र नीति तर्जुमा संशोधन र परिमार्जन गर्न वन निर्देशनालय मार्फत प्रदेश मन्त्रालय र वन तथा भू-संरक्षण विभागलाई सहयोग गर्ने ।
- ❖ डिभिजनस्तरिय वन विकास सम्बन्धि योजना तथा कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गरी अन्य सरोकारवालासंग समन्वय विस्तार गरी कार्यक्रम संचालन गर्ने ।
- ❖ नीजि वन र कृषि वनवाली विकास एवं व्यवस्थापन गर्न सरोकारवालालाई आवश्यक प्राविधिक सुझाव सल्लाह दिने
- ❖ वन व्यवस्थापन, गुणस्तरीय नर्सरी एवं विरुवा उत्पादन बृक्षारोपण, जैविक विविधता तथा वातावरण संरक्षण सम्बन्धी जानकारी सर्वसाधारणलाई उपलव्ध गराई वन व्यवस्थापन कार्यमा जनसहभागिता परिचालन गर्ने ।
- ❖ दिगो तथा वैज्ञानिक वन व्यवस्थापनको लागि कार्यक्रम तर्जुमा गरी वन निर्देशनालयमा पेश गर्ने र स्वीकृत भइ आएपछि कार्यान्वयन गर्ने ।
- ❖ वन अपराधसँग सम्बन्धित अभियुक्तहरुको लागि सरल र सुविधाजनक एवं मापदण्ड अनुसारको हिरासत व्यवस्थापन गर्ने गराउने ।
- ❖ वन तथा भू-संरक्षण विभागको निर्देशन अनुसार प्रदेशमा रहने स.व.र .क्याम्पको परिचालन गर्ने गराउने ।
- ❖ कानूनमा उल्लेख भए बमोजिम वन अपराध नियन्त्रण र अर्धन्यायिक न्याय सम्पादन गर्ने गराउने ।

## १.३ कार्यालयको संगठन स्वरुप

डिभिजन वन कार्यालय, बाँकेको संगठन स्वरुप निम्नानुसार रहेको छ । यस संगठनमा कर्मचारीहरुको जम्मा दरबन्दी ९४ जनाको रहेको छ ।




(अ) डिभिजनल वन अधिकृत १ (रा.प.द्वि. प्रा. वन)

(आ) योजना शाखा (स.व.अ.२, रेञ्जर १, अपरेटर १, हेल्पर १)

(इ) वन ब्यवस्थापन शाखा (स.व.अ.२, रेञ्जर १, फरेष्टर २, वन रक्षक १)

(ई) कर्मचारी प्रशासन शाखा (शा.अ. १, ना.सु. १, खरिदार १, हसचा २, का.स. ३, चौकीदार १)

(उ) सब डिभिजन वन कार्यालयहरु ६ (स.व.अ. ६, रेञ्जर ६, वन रक्षक ३६)

(ऊ) आर्थिक प्रशासन शाखा (लेखा अधिकृत १, लेखापाल १)

(ए) सशस्त्र वन सुरक्षा शाखा(सुवेदार १, जमदार २, हवल्दार ४, स.व.र. १६ )

यस कार्यालय मातहतमा रहेका ६ वटा सब डिभिजन वन कार्यालयहरुको नामावली र कार्यक्षेत्रको विवरण यस प्रकार रहेको छ ।

| क्र.स. | सव डिभिजन वन कार्यालयको नाम | कार्यक्षेत्रको विवरण |
|---|---|---|
| १ | नरैनापुर सव डिभिजन वन कार्यालय, नरैनापुर | नरैनापुर गा.पा. को पुरै वन क्षेत्र |
| २ | नेपालगंज सव डिभिजन वन कार्यालय, राँझा | ने.पा.न.म.उ.ग., डुढुवा, जानकी, खजुरा गा.पा. को पुरै वन क्षेत्र |
| ३ | कोहलपुर सव डिभिजन वन कार्यालय, कोहलपुर | कोहलपुर न.पा. र बैजनाथ गा पा को पुरै क्षेत्र |
| ४ | सिक्टा सव डिभिजन वन कार्यालय, बैसा | राप्ती सोनारी गा.पा.को वडा नं १ ३ ४ |
| ५ | राप्ती सव डिभिजन वन कार्यालय, मेहमानपुर | राप्ती सोनारी गा.पा.को वडा ५, ६ र ७ को वन |
| ६ | सम्शेरगञ्ज सव डिभिजन वन कार्यालय, ओभरी | राप्ती सोनारी वडा नं२ ., ८ र ९ को वन |

# २. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

यस कार्यालयबाट प्रदान गरिने सेवाहरु, लाग्ने दस्तुर, प्रक्रिया र अवधि निम्न तालिकामा देखाएको छ।

| सि.नं. | सेवा सुविधाको प्रकार | सेवा प्राप्त गर्दा पुऱ्याउनुपर्ने प्रक्रिया तथा प्रमाणहरु | सेवा प्राप्त गर्न लाग्ने | | जिम्मेवार शाखा | कार्य समयमा नभएमा उजुरी गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| | | | शुल्क दस्तुर | समय | | |
| १. | सामुदायिक वन विधान दर्ता तथा कार्य योजना स्वीकृती र हस्तान्तरण | नेपाल सरकारको नीति निर्देशनको आधारमा माग पत्र दर्ता गरी सा.व.को विधान तयार भएपछि वन प्राविधिकको सहयोगमा वन उपज मापन सहितको वन कार्ययोजना तयार गरी सम्बन्धि सव डिभिजन वन कार्यालयको राय सहित पेश गर्नुपर्ने । | निःशुल्क | पेश हुन आएको विधान तथा वन कार्ययोजना अध्ययन गर्दा पुनर्विचार गर्नुपर्ने देखिएमा समुहबाट सो समेत गरी पेश हुन आएको १५ दिन भित्र | योजना शाखा | ,, |
| २. | सामुदायिक वनको काठ, दाउरा विक्री वितरण | स्वीकृत वन कार्ययोजनाको परिधि भित्र रही समुहको आम भेलाको निर्णय प्रतिलिपी, सव डिभिजन वन कार्यालयको फिल्ड निरीक्षण तथा मूल्याङ.कन तेरीज तथा प्रतिवेदन | विक्रीको १५% राजस्व र मु.अ.कर (साल र खयर) | फिल्डकार्य समाप्त भै पेश भएको एक दिन भित्र | योजना शाखा | ,, |
| ३. | वृक्षारोपण, वन व्यवस्थापन लगायत विभिन्न बिषयमा प्राविधिक सल्लाह | फोन वा प्रत्यक्ष भेटघाट (सम्पर्क न. ०८१-५२०२३०) | निःशुल्क | तुरुन्तै | योजना शाखा | ,, |
| ४. | सरकारी वनको काठ दाउरा स्थान्तरण इजाजत | शिलबन्दी र खुला डाक बढाबढबाट विक्री रकम दाखिला भई टाँचा विमार्का पछि स्थानान्तरण इजाजत | सकार रकम संकलन खर्च र मु.अ.कर | आवश्यक प्रक्रिया पुरा भई पेश भएको एक दिन भित्र | वन व्यबस्थापन शाखा | ,, |
| ५. | काठ चिरान इजाजत, स्थानान्तरण इजाजत | काठको श्रोत खुलेको छोडपूर्जी, मिलको तर्फबाट सहमति भौतिक निरीक्षण प्रतिवेदन | मु.अ.कर ( नीजि आवादीवाट खरीद गरेको अवस्थामा) | प्रक्रिया पुरा भै पेश भएकै दिन | वन व्यबस्थापन शाखा | ,, |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६. | गैरकाष्ठ वनपैदावार संकलन र स्थानान्तरण इजाजत | डि.व.का.बाट संकलन इजाजत लिई फिल्डबाट नापजाँच मुचुल्का भएपछि स्थानान्तरण इजाजत दिइने । | वन नियामावलीले तोकेको राजस्व मात्र | निरीक्षण भई कार्यालयमा पेश भएको एक दिन भित्र | वन व्यबस्थापन शाखा | ,, |
| ७. | घरकाज र विकास निर्माणको लागी सहुलियत दरको काठ दाउरा प्राप्ती | नागरीकता,घर वनाउने स्थलको जग्गा धनि प्रमाण पूर्जा,स्थानिय निकायको सिफारिस, न.पा.को हकमा घरको नक्सा | जिल्ला वन पैदावार आपूर्ति समितिले तोकेको मूल्य | निवेदन दिएको ६ महिना भित्र | .आपूर्ति समिति | ,, |
| ८. | दैवी प्रकोपमा परेकालाई काठ र अन्य सवै प्रयोजनका लागी दाउरा | जिल्ला दैवी प्रकोप समितिको सिफारिस,दाउराको हकमा सम्वन्धित व्यक्ति वा संस्थाको निवेदन | जिल्ला वन पैदावार आपूर्ति समितिले तोकेको मूल्य | निवेदन प्राप्त भएको एक हप्ता | आपूर्ति समिति | ,, |
| ९. | वन, वन्यजन्तु हानी नोक्सानी मुद्दाको दर्ता | पक्राउ परेको अभियुक्तको अनुसन्धान भई जिल्ला सरकारि वकील कार्यालयबाट राय प्राप्त भएपछि | ऐन नियम आदेशले तोके अनुसार | अभियोग पेश भएकै दिन आदेश गर्ने | मुद्दा शाखा | ,, |
| १०. | मुद्दाको दर्ता,वन सम्वन्धि मुद्दाको फछर्यौट/फैसला | अभियुक्तहरु सवै हाजिर भएपछि वा समाह्वान तारेख भएपछि । | फैसला बमोजिमको जरिवाना | दर्ता भएको एक बर्ष भित्र | मुद्दा शाखा | ,, |
| ११. | निजी वन र निजी आवादीको जग्गाको काठ, दाउराको स्थानान्तरण | जग्गाधनी प्रमाण पूर्जा जग्गाको नक्शा, स्थानीय निकायको सिफारिश, निजी वनको प्रमाण पत्र र फिल्ड निरीक्षण प्रतिवेदन | मु.अ.कर ( जिल्ला वाहिर र व्यापारिक प्रयोजनको लागि) | विमार्का मुचुल्का पेश भइ मु.अ. कर दाखिला भएको एक दिन भित्र | प्रशासन शाखा | ,, |
| १२. | अन्यत्र जिल्लावाट ल्याई घाटगद्दी गरीएको जडिवुटीको स्थानान्तरण | निवेदनका साथ सक्कलै छोडपुर्जी | निशुल्क | घाटगद्दी मुचुल्का सहितको प्रतिवेदन पेश भए पछि | प्रशासन शाखा | ,, |
| १३. | उजुरी | उजुरीको निबेदन | निःशुल्क | उजुरीको प्रकृति हेरी समय निर्धारण हुने | प्रशासन शाखा | ,, |
| १४. | धरौटी | निवेदन, प्रमाण पुगेको कागजपत्र तथा सक्कल वैंक भौचर | निःशुल्क | १ दिन | आर्थिक प्रशासन शाखा | ,, |
| १५. | राजश्व तथा आर्थिक कारोवार सम्वन्धि अन्य काम | निवेदन, विल, भर्पाई, भौचर | निःशुल्क | १ दिन | आर्थिक प्रशासन शाखा | ,, |
| १६. | निवेदन चिठ्ठी पत्र दर्ता, चलानी तथा सोधपुछ | निवेदन, चिठ्ठी पत्र | निशुल्क | १ दिन | दर्ता चलानी फांट | ,, |

## ३. निर्णय गर्ने प्रक्रिया र अधिकारी

यस कार्यालयको कार्यक्षेत्र पर्ने माथि उल्लेखित दफा १.२ अनुसारको कार्यालयको कार्यक्षेत्र र प्रदान गरिने सेवाहरुको कार्य विवरण अनुसार बुझ्नु पर्ने फिल्ड/निरीक्षण प्रतिवेदन यस कार्यालयमा प्राप्त भएपछि सम्बन्धित शाखा प्रमुखको राय साथ कार्यालय प्रमुख समक्ष पेश गरेपछि डिभिजनल वन अधिकृतले निर्णय गर्ने प्रक्रिया रहेको छ । साथै क्षेत्राधिकार भन्दा बाहिरको निर्णय गर्नुपर्ने भएमा डिभिजनल वन अधिकृतले रायसाथ आवश्यक कार्यबाहीको लागि माथिल्लो निकायमा आवश्यक निर्देशन माग गर्ने वा निर्णयका लागि पेश गर्ने प्रक्रिया रहेको छ ।

## ४. निर्णय उपर उजुरी सुन्ने अधिकारी

निर्णय उपर उजुरी सुन्ने अधिकारी डिभिजनल वन अधिकृत हुन । डिभिजनल वन अधिकृतले निर्णय गरेको हकमा उजुरी सुन्ने एक तह माथिको अधिकारी प्रदेश वन निर्देशक र प्रदेश मन्त्रालयको सचिवज्यू ले उजुरी सुन्ने, वन अपराध सम्बन्धीको फैसला उपर चित्त नबुझेमा कानूनले तोकेको म्याद भित्र सम्बन्धित अदालतमा पुनरावेदन गर्न सक्ने प्रावधान रहेको छ ।

## ५. बाँके जिल्लाको वन क्षेत्रको विवरण

वन क्षेत्र तराईको समथल भू भाग देखि चुरे पहाड सम्मको भौगोलिक विविधता भएको कारण यहाँ पाईने वनको किसिम र प्रजातीमा पनि विविधता पाईन्छ। उष्ण र उपोष्ण (Tropical and sub-Tropical) प्रदेशीय भएको यस जिल्लाको वन क्षेत्रमा थुप्रै प्रजातिका मिस्रित वन पाइन्छ। यस जिल्लाको कुल वन र वुटयान क्षेत्र १,१९,९३९.७४ हेक्टर मध्ये बाँके राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा ६२,२००.६८ हेक्टर (५१.८६ %) र जिल्ला वन कार्यालयको क्षेत्राधिकार भित्र ५७,७३९.०६ हेक्टर (४८.१४ %) रहेको छ।

| भू उपयोग | क्षेत्रफल (हेक्टर) | प्रतिशत |
|---|---|---|
| बाके राष्ट्रिय निकुञ्ज र मध्यवर्ति क्षेत्रमा पर्ने वन क्षेत्र | ६२,२००.६८ | ५१.८६ |
| राष्ट्रिय वन क्षेत्र (सामुदायिक वन समेत) | ५७,७३९.०६ | ४८.१४ |
| **जम्मा** | **११९,९३९.७४** | **१००** |

जिल्ला वन कार्यालयको क्षेत्राधिकार भित्र रहेको कुल ५७,७३९.०६ हेक्टर वन क्षेत्र मध्ये ५२,९३३.०९ हेक्टर रुखले ढाकेको क्षेत्र र ४,८०५.९७ हेक्टर झाडी बुट्यान क्षेत्र सरकारद्धारा व्यवस्थित वन, सामुदायिक वन र धार्मिक वनको रुपमा व्यवस्थापन भइरहेको छ। हावापानी, भौगोलिक अवस्थिति तथा प्रजातीको आधारमा यस जिल्लाको वन लाई निम्न अनुसार वर्गिकरण गरिएको छ।

**(क) तराई वन**

तराई वन चुरे पहाडको फेददेखि दक्षिणको कृषि भूमीसम्म फैलिएको छ । APROSEC को सन् १९९७ को अनुसार तराईको वनलाई साल, तराई हार्डउड, खयर सिसौ, मिश्रीत र वृक्षारोपण गरी ५ किसिममा विभाजन गरेको छ ।

**१. साल वन**

यहाँ साल प्रजातीको बाहुल्यता बढी भएको उत्पादनशिल वन पर्दछ । चुरे पहाडको मध्य भागदेखि तराईको समथर भागसम्म यो वन फैलिएकोमा साल मुख्य प्रजाती र सह प्रजातीहरुमा असना, कर्मा, हर्रो, बर्रो, जामुन, सिमल, सिँदुरे, सतिसाल आदि पर्दछन् । लहरे प्रजातीमा भोर्ला, देब्रे लहरो आदि हुन् भने घाँस प्रजातीमा खर, काँस भुँई सतहमा पाईन्छ । चरिचरणको बढि प्रकोप भएको ठाँउ र Canopy Closure कम भएको ठाँउमा सिँदुरे प्रजाती झाडीको रुपमा बिकास हुँदा साल प्रजातीको पुनरुत्पादन लाई चुनौती दिईरहेको अबस्था छ । यस अबस्थालाई सुधार गर्न Regeneration Felling गराई चरीचरण, आगलागि नियन्त्रण र झाडी सफाई नगर्ने हो भने भबिष्यमा यो वन सिँदुरेको झाडीमा रुपान्तरण हुने खतरा देखा परेको छ ।

**२. तराई हार्डउड वन**

जिल्लाको उष्ण प्रकृतिको क्षेत्र जहाँ सालको नगण्य उपस्थिती छ र अन्य प्रजाती जस्तै असना, कर्मा, बोटधँगेरो, गुटेल आदि मिश्रीत रुपमा ज्यादा पाईन्छ । त्यस्तो वन क्षेत्र तराई हार्डउड वनमा पर्दछ । यस वन क्षेत्रमा झाडी प्रजातीहरु कटिपत्ता, Mormordia dioica, Jasminum muttiflorum, Mussanda marophylla पाईने र भुँई घाँस प्रसस्त पाईने हुनाले यो वन क्षेत्र वन्यजन्तुको बासस्थानको लागि उपयोगी र जैबिक दृष्टिकोणले महत्वपूर्ण पाईएको छ । यस वनमा ठूला मझौला रुखहरु लगायत बिभिन्न खालका बुट्यान र लहराहरु समेत पाईन्छ । यो वनमा कुनै पनि एक प्रकारको प्रजातीको बाहुल्यता रहेको पाईदैन । यस्तो खालको वनको ब्यबस्थापन गर्न छनौट प्रणाली अपनाई Canopy Open गरेमा सबै प्रजातीको बिरुवाहरुको पुनरुत्पादन हुनलाई अबसर प्राप्त हुने देखिन्छ । यो वन पनि उत्पादनशिल वनको रुपमा बिकास गर्न सकिने स्थितिमा रहेको छ ।

**३. खयर सिसौ वन**

यस किसिमको वन बाँके जिल्लाको नदी किनार, नदीले बगाएर ल्याएको पाँगो माटो थुपारेको जमीन, नदीले बाटो छोडेर कायम भएको जमीनमा पाईएको छ । यस जिल्लामा खयरको प्रजाती उच्च सुख्खा चुरे क्षेत्रमा पनि पाईन्छ । यो वन क्षेत्रलाई उचित संरक्षण र संबर्धन गर्न सकेमा भबिष्यमा सालको वनको रुपमा रुपान्तरण गर्न सकिने सम्भावना समेत रहेको छ । यो वनलाई पनि उत्पादनशिल वनको रुपमा बिकास गर्न सकिने र गाँउ बस्ती देखि टाढा रहेको यस खालको वन क्षेत्र हाल पनि उत्पादनशिल रुपमा देखा परेको देखिन्छ । यस वनमा पाईने मुख्य प्रजातीहरूमा सिसौ *Dalbergia sissoo* र खयर *Acacia catechu* सुख्खा क्षेत्रहरूमा पाईन्छ । झाडिदार प्रजातीमा *Acacia concinna, Caesalpinia bonducelia, Caesalpinia decapetala, Desmodium gangeticum, Pogostemon* आदि हुन् ।

### ४. वृक्षरोपण वन

यो वन बिगतमा बृक्षारोपण गरिएको क्षेत्र र भबिष्यमा बृक्षारोपण गरी हुर्काउन सकिने हालको खाली मैदान, हैसियत बिग्रेको वन क्षेत्रहरु पर्दछन् । यस क्षेत्रमा प्राकृतिक पुनरुत्पादनको स्थिती ज्यादै दयनिय र चरिचरणको प्रकोप ज्यादा परेको पाईन्छ । यस जिल्लामा बृक्षारोपण गरेको क्षेत्र तथा वृक्षारोपण वनहरुमा थिनिङ्ग, प्रुनिङ लगायतका वन संबर्धन कार्यहरु गर्नु पर्ने देखिन्छ ।

### (ख) चुरे क्षेत्रको वन (शिवालिक वन)

चुरे क्षेत्र भावरको समथल देखि चुरे पहाडसम्म फैलिएको छ । यो क्षेत्रमा चौडापाते वनको प्रमुखता रहेको छ । शिवालिक क्षेत्र विविध प्रकारको भुवनौट र प्राकृतिक वातावरणका कारण जैविक विविधताको भण्डार मानिन्छ । शिवालिक क्षेत्रमा मानव चांप र कलिलो भू वनौटले प्राकृतिक वातावरण र जैविक विविधतामा ह्रास आएको छ । LRMP (Land Resource Mapping Project) अनुसार शिवालिकको वनलाई Hardwood, Mixed forest र Shrubs गरी ३ भागमा वर्गीकरण गरिएको छ । साल Shorea robusta, खयर–सिसौं (KS) Tropical Mixed Hardwood (TMH) र साल मुख्य वन प्रजाती हुन ।

खयर *(Acacia catechu)* र सिसौ *(Dalbergia sissoo)*, l;dn -*Bombax malabaricum)* gbL lsgf/df kfO{G5 . o; jgsf ;xk|hftLx¿df *Chinchine (Casia tora)*, घुस्रे *(Colebrookia oppositifolia)*, बयर *(Ziziphus jujube)*, घन्टु *(Clerodendron infortunatum)*, असुरो *(Adhatoda vasica)*, u'6]n *(Trewia nudiflora)*, a/f]{ -*Terminalia balarica)*, *Terminalia chebula* (हरा]{), *Aegle marmelos* (वेल), *Adina cordifolia* -कमा{_ आदि नदी किनारा र माथिका पहाड पाखाहरुमा पाईन्छ । *Centella asiatica* (घोलताप्रे), *Acorus calamus* (गुर्जो), *Eupatorium odenophorum* (वनमारा), *Mimosa pudica* (लाजवन्ति) झाडिदार प्रजाति हुन । शिवालिकको भिरालो, घामिलो र पानी नजम्ने माटोमा साल वन अरु सह प्रजातीहरू जस्तै *Terminalia belerica* (बरा]{ ), *Garuga pinnata* (दवदवे ), *Buchaniana latifolia* (प्यारी), *Dillenia indica* (टाटरी), *Anogeissus latifolia* (बाझी), *Bauhinia variegate* (टांकी), *Albizia procera* (सिरीस ), *Bridelia retusa* (गायो ) आदि पाईन्छ । शिवालिकको दक्षिण तर्फको भिरालो भागमा पाईने झाडिदार प्रजातीमा *Justicia sp., Adhatoda vasika, Cycas pectinata, Leena indica Barleria cristata* आदी हुन ।

तराई मिश्रीत हार्डउड वन प्रकारमा *Shorea robusta* (साल), *Terminalia tormentosa* (अस्ना), *Ficus hispida, Cassia fistula* (राजवृक्ष), *Lagestomia parviflora* (बोटधंगेरो ), *Garunga pinnata* (दवदवे ) आदी हुन । अन्य वनस्पतिहरूमा *Dendrocalamus hamiltonii* (बाास ), *Themeda arundinacea* (खर), *Mimosa Pudica* (लाजवन्ति), *Bergenia eiliata* (पाखनवेद) *Centelia asiatica* (घोरताप्रे), *Eupatorium odenophorum* (वनमारा) र *Lucoms indica* आदी पाईन्छ ।

## ६. स्थानीय तह अनुसार वन क्षेत्रको विवरण

| सि.नं. | स्थानिय तहको नाम | कुल क्षेत्रफलको वन क्षेत्र प्रतिशतमा | कैफियत |
|---|---|---|---|
| १ | नेपालगंज उपमहानगरपालिका | २% | |
| २ | कोहलपुर नगरपालिका | ६६ % | |
| ३ | बैजनाथ गाउँपालिका | ३४% | |
| ४ | जानकी गाउँपालिका | ०% | |
| ५ | खजुरा गाउँपालिका | १% | |
| ६ | डुडुवा गाउँपालिका | १८% | |
| ७ | नरैनापुर गाउँपालिका | ६१% | |
| ८ | राप्ती सोनारी गाउँपालिका | ८५% | |

## ७. वन व्यवस्थापनमा अपनाइएका पद्धतिहरुको तथ्याङ्क

| पद्धति | संख्या | क्षेत्रफल (हेक्टर) | वनको प्रकार (मुख्य रुख प्रजाती) | उपभोक्ता घरधुरी | महिला अध्यक्ष भएको समुह |
|---|---|---|---|---|---|
| सामुदायिक वन | ११८ | २०,००९.१३ | साल वन, साल मिश्रित वन, खयर सिसौ वन र वृक्षारोपण वन | ३०७८७ | २३ |
| धर्मिक वन | छैन | छैन | छैन | छैन | छैन |
| सरकार द्वारा व्यवस्थित वन | | ३७,७२९.९३ | साल वन, तराई हार्डउड वन, खयर सिसौ वन र वृक्षारोपण वन | | |
| दर्ता भएका निजी वन | १२४ | ७०.९१ | वृक्षारोपण वन | | |

## ८. बैज्ञानिक वन व्यवस्थापन लागु भएको वनको विवरण

| पद्धति | संख्या | क्षेत्रफल (हेक्टर) | वनको प्रकार (मुख्य रुख प्रजाती) | उपभोक्ता घरधुरी | महिला अध्यक्ष भएको समुह |
|---|---|---|---|---|---|
| सामुदायिक वन | १७ | ४७७०.९९ | साल मिश्रित वन साल मुख्य प्रजाती र सह प्रजातीहरुमा असना, कर्मा, हर्रो, बर्रो, जामुन, सिमल, सिँदुरे आदि | २६६६ | ३ |
| सरकार द्वारा व्यवस्थित वन | १ | २५७८ | साल वन साल मुख्य प्रजाती र सह प्रजातीहरुमा असना, कर्मा, हर्रो, बर्रो, जामुन, सिमल, सिँदुरे आदि | | |

## ९ बैज्ञानिक वन व्यवस्थापन कार्ययोजना स्विकृत भएका विवरण

| आ.व. | सामुदायिक वनको सख्या | सामुदायिक वनकोक्षेत्रफल हे. | चक्ला वनको सख्या | चक्ला वनको क्षेत्रफलहे. |
|---|---|---|---|---|
| ०७३/०७४ | २ | ८८२.६ | १ | २५७८ |
| ०७४/०७५ | ९ | २३८९.४५ | | |
| ०७५/०७६ | ६ | १४९८.९४ | | |
| जम्मा | १७ | ४७७०.९९ | १ | २५७८ |

## १० वन पैदावारको उत्पादन् सदुपयोग एवं प्राप्त राजश्व सम्बन्धी विवरण (आ.व. २०७७/७८ को बार्षिकको प्रगति)

### वन पैदावर उत्पादन र विक्री वितरणको अवस्था

| विवरण | आ. व. २०७६।७७ सम्म. | | आ. व . २०७७।७८ | | विक्रि परिमाण | | बाँकी परिमाण | |
|---|---|---|---|---|---|---|---|---|
| | काठ | दाउरा | काठ | दाउरा | काठ | दाउरा | काठ | दाउरा |
| सामुदायिक वन | 68358 | 331.25 | 0 | 0 | 63426 | 305.25 | 4931.5 | 26 |
| साझेदारी वन | | | | | | | | |
| चक्ला वन | 47322 | 227 | 0 | 0 | 2814.6 | 77 | 44507 | 154 |
| निजी वन | | | | | | | | |
| राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाबाट | 6851.1 | 63.25 | 0 | 0 | | 20 | 6851.1 | 43.25 |
| सरकार द्वारा व्यवस्थित वन | 3830 | 4.5 | 0 | 0 | 0 | 0 | 3830 | 4.5 |
| अन्य बेवारिसे र मुद्धा | 2659 | 1 | 518.34 | 0 | 2174.9 | 1 | 1002.4 | 0 |
| जम्मा | **129020** | **627** | **518.34** | **0** | **68415** | **403.25** | **61123** | **227.75** |

### वन पैदावार विक्रीबाट राजश्वको विवरण

| विवरण | सरकारलाई राजश्व | | |
|---|---|---|---|
| | राजश्व (रु.) | VAT (रु.) | जम्मा (रु.) |
| सामुदायिक वन उपभोक्ता समूहलाई | 12255313 | 9799443 | 22054756 |
| साझेदारी वन समूहलाई | 0 | 0 | 0 |
| चक्ला वन | 2816374 | 372994 | 3189368 |
| निजी वन | 0 | 0 | 0 |
| सरकारद्वारा व्यवस्थित वन | 0 | 0 | 0 |
| अन्य तेदुपात, बेवारिसे र मुद्धाको काठ | 5101765 | 509432 | 5611197 |
| जम्मा | **20173452** | **10681869** | **30855321** |

## ११ वन तथा वन्यजन्तु संग सम्बन्धित मुद्दा सम्बन्धी (आ.व. २०७७/७८ को बार्षिकको प्रगति)

### (क) वन ऐनबाट कारवाही हुने मुद्दा

| डि.व.का./ मा दायर मुद्दा संख्या | जि. अदालतमा दायर मुद्दा संख्या | पक्राउ प्रतिवादी संख्या | बरामद वन पैदावार | | बरामद बोझबाहकको | | मुद्दा फर्स्यौट संख्या | फर्र्यौट हुन बाँकी दुई बर्ष नाघेको मुद्दा संख्या | फर्स्यौट हुन बाँकी कूल मुद्दा संख्या (विगतको समेत) | लिलाम हुन वाकी बरामद वन पैदावार र बोझबाहकको विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | विवरण | परिमाण | किसिम | परिमाण | | | | |
| ० | १६ | ७८ | अवैध काठ | ५३२.८५ घ.फी. | १३ साइकल | १३ साइकल | ० | १४४ | १४४ | |
| | | | अवैध ठुट्टा | १०४ घ.फी. | १ टेक्टर | १ टेक्टर | | | | |
| | | | | | | | | | | |

### (ख) राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनबाट कारवाही हुने मुद्दा (आ.व. २०७७/७८ को बार्षिकमा)

| डि.व.का./ मा दायर मुद्दा संख्या | जि. अदालतमा दायर मुद्दा संख्या | पक्राउ प्रतिवादी संख्या | बरामद वन्यजन्तु / आखेटोपहारको विवरण परिमाण | बरामद बोझबाहक र खरखजानाको | | मुद्दा फर्स्यौट संख्या | फर्र्यौट हुन बाँकी दुई बर्ष नाघेको मुद्दा संख्या | फर्स्यौट हुन बाँकी कूल मुद्दा संख्या (विगतको समेत) | व्यवस्थापन हुन वाकी आखेटोपहारको विवरण |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | किसिम | परिमाण | | | | |
| ० | १५ | ४५ | बाघको छाला १ थान<br>बाघको हड्डी १० के.जी.<br>कस्तुरीको विना १ थान सक्कली १ थान नक्कली<br>बदेलको दाह्रा ३ थान<br>हात्तिको दाह्रा १ थान<br>चित्तलको सिग ८ थान<br>चित्तल जीउ १ मृत्त<br>जरायोको मासु ८० के.जी<br>दुइ मुखे सर्प जीउ १<br>गैडाको छाला को टुक्रा थान २<br>रेडपान्डाको छाला ३<br>दुम्सीको काडा १०० पिस<br>चितुवाको छाला थान २<br>रेडपान्डाको छाला १ भालुको पित्त ३ | | | ० | २ | २ | बाघको छाला १ थान<br>बाघको हड्डी १० के.जी.<br>कस्तुरीको विना १ थान सक्कली<br>हात्तिको दाह्रा १ थान<br>चित्तलको सिग ८ थान<br>रेडपान्डाको छाला २ थान<br>चितलको छाला १ थान<br>जरायोको सिङ्ग १ थान<br>चितुवाको हड्डी १० के जि |

## ११ वन अतिक्रमण सम्बन्धी विवरण

| आ.व. २०७६/७७ को अन्तमा कायम रहेको वन अतिक्रमण (हेक्टर) | आ.व. २०७७/७८ को बार्षिकमा भएको वन अतिक्रमण (हेक्टर) | आ.व. २०७७/७८ को बार्षिकमा हटाइएको वन अतिक्रमण (हेक्टर) | आ.व. २०७७/७८ को बार्षिकको अन्तमा कायम रहेको वन अतिक्रमण ( हेक्टर) | वन अतिक्रमण हटाउनका लागि गरिएका प्रयासहरु | वन अतिक्रमण हटाउन नसक्नुका कारणहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| ५७५.७२ | | ५.३० | ५६७.४२ | जन चेतना , गस्ती, मुध्दा दायरी | बाढी पिडित राजनैतिक संरक्षण | |

## १२ मानव वन्यजन्तु द्वन्द सम्बन्धी (आ.व. २०७७७८ को बार्षिक स्थिति)

| आ.व. २०७७/७८को बार्षिकमा भएको क्षति | | | | | | क्षति गर्ने वन्यजन्तु को प्रजाति ( जात) | राहत निर्देशिका अनुसार दावी गरिएको क्षतिपूर्तीको रकम रु. | प्रदान गरिएको क्षतिपूर्तीको रकम रु. | क्षतिपूर्ती दिन बाँकी रकम रु. | मानव वन्यजन्तु द्वन्द घटाउन गरिएका प्रयासहरु | क्षतिपर्तीको रकम कस्को बजेटबाट दिइयो ? |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बालीनालीको क्षतिको किसिम र परिमाण | घर गोठको क्षतिको किसिम र परिमाण | मृत्यु भएको पशुको जात र संख्या | घाइते मानिसको संख्या | मृत्यु भएको मानिसको संख्या | क्षति भएको वन्यजन्तु ( मुद्दालाइ आधार वनाउन सकिने ) | | | | | | |
| - | - | ५ वटा भेडाहरु मारेको<br>१ खसी<br>५ वटा बाख्रा<br>१ बंगुर<br>१ बंगुर को बच्चा | १ | - | - | चितुवा र बदेल | ३१९००० | ३१,९००० | - | - | बाँके रा.नि. |

## १३ मृत्यु, घाइते, उद्धार तथा पुर्नस्थापना गरिएका वन्यजन्तु सम्बन्धी (आ.व. २०७७/७८ को बार्षिक स्थिति)

| सि.न. | मिति | उद्धार/तथा ब्यबस्थापन गरिएको बन्यजन्तु | उद्धार गरिएको स्थान | सख्या | अवस्था | पुनर्स्थापन गरिएको स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | 20७७/04/01 | वदेलको बच्चा | कोहलपुर १५ चनहवा नाला | १ | मृत | | मृत भएको गाडि ब्यबस्थापन गरेको |
| २ | 2077/4/31 | निल गाइ | डुडवा गा.पा ५ खाले मसाहा | १ | सामान्य | गिजरा सा.व. | सकुशल |
| ३ | 2077/05/08 | रशियल भाइपर | मनिकापुर | १ | सामान्य | हजरत सा.व. | |
| ४ | 2077/05/10 | गोही | खजुरा | २ | सामान्य | किरननाला | |
| ५ | 2077/05/17 | गोही | खजुरा | १ | सामान्य | किरननाला | |
| ६ | 2077/06/01 | चौका | भुजइ गाउ खडक खण्ड ने..ग. | १ | मृत | सडक दुर्घटनामा परि मृत्यु भएकोले डि.व.का. मा गाडेको | |
| ७ | 2077/06/01 | चितुवाको बच्चा | रासी सोनारी ६ | १ | ३/4 दिन मात्रको | १२ दिन सम्म स्याहार गर्दै आएकोमा पछि मृत्यू भएकोले गाडिएको | |
| ८ | 2077/06/04 | दुइमुखे सर्प | धनौली प्रहरी चौकी | १ | सामान्य | कम्दी स्थित जंगलमा छाडिएको | |
| ९ | 2077/06/04 | दुइमुखे सर्प | नेपालगंज | १ | सामान्य | कम्दी स्थित जंगलमा छाडिएको | |
| १० | 2077/06/29 | निल गाइ | सिक्टानहर कोहलपुर ३ मदनचोक | २ | सामान्य घाइते | गिजरा सा.व. | |
| ११ | 2077/07/02 | निल गाइ | कोहलपुर ४ बेलनपुर सिक्टा नहर | १ | मृत | बेलपुरमा गाडिएको | |
| १२ | 2077/0७/03 | अजिंगर | नेपालगंज १० परशपुर | १ | सामान्य | पशुपति सा.व. राँझा | कर्मचारीलाइ टोकेको |
| १३ | 2078/8/5 | अजिंगर | बैजनाथ सा.व. नजिक | १ | सामान्य | बाँके रा.नि. | सकुशल |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४ | 2077/08/09 | निल गाइ | बैजनाथ ६ सिक्टा नहर | १ | मृत | नहर नजिकै गाडिएको | |
| १५ | 2077/08/30 | जिल्ला प्रहरी कार्यालय | वन बिरालो | १ | सामान्य घाइते | कम्दी स्थित जंगलमा छाडिएको | सकुशल |
| १६ | 2077/09/21 | जिल्ला प्रहरी कार्यालय | गिद्ध | १ | सामान्य घाइते | कम्दी स्थित जंगलमा छाडिएको | सकुशल |
| १७ | 2077/09/27 | कोहलपुर ११ | जरायोको मासु | ८० के.जी | मासुको टुक्रा | | डि.व.का. मा ल्याइ खाल्डो खनी गाडेको |
| १८ | 2077/10/१ | बदेल | डुडुवा २ देखि डि.व.का. | १ | मृत | | मृत भएको डि.व.का. मा गाडि ब्यबस्थापन गरेको |
| १९ | 2077/10/10 | जरायो र चित्तल | नरैनापुर | 2 | मृत | | मृत भएको डि.व.का. मा गाडि ब्यबस्थापन गरेको |
| २० | 2077/10/9 | गोमन सर्प | रेडक्रस नेपालगंज | १ | सामान्य | हजरत सा.व. | सकुशल |
| २१ | 2077/11/7 | निल गाइको मासु | डुडुवा २ देखि डि.व.का. | दुइ बोरा | मासुको टुक्रा | डुडुवा गा.पा २ बस्ने साहिद खाँ भएको मुद्दामा बरामद मासु लाइ खाल्डो खनि गाडेको | |
| २२ | 2077/11/28 | निल गाइ | नरैनापुर | १ | घाइते | बाँके रा.नि. | |
| २३ | 2077/12/10 | सिभेट | बि.पि. चोक होटल सिगनेट | १ | सामान्य | कम्दी स्थित जंगलमा छाडिएको | |
| २४ | 2077/12/10 | निल गाइ | सिक्टा नहर कोहलपुर ३ | १ | नहरमा डुबेको | | डि.व.का. मा ल्याइ राखेकवमा भागी गएको |
| २५ | 2077/12/1२ | निल | बैजनाथ ६ हरियाली सा.व. | १ | सख्त घाइते | उपचारको क्रममा ३ दिन पछि मृत्यु भएकोले डि.व.का. मा गाडेको | |
| २६ | 2077/12/15 | चित्तल | कम्दी/ नरैनापुर | १ | मृत | | मृत भएको डि.व.का. मा गाडि ब्यबस्थापन गरेको |
| २७ | 2077/12/15 | दुइमुखे सर्प | नेपालगंज १३ | १ | सामान्य | कम्दी स्थित जंगलमा छाडिएको | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २८ | 2078/01/23 | चित्तल | हजरत सा.व. नजिक | १ | छर्रा लागि घाइते | बाँके रा.नि. | सशस्त्र प्रहरी हिरमिनिया र बाँके रा.नि बाट सहयोग प्राप्त |
| २९ | 2078/01/24 | रतुवा मृग | राप्ती सोनारी २ कोटही गाउ | १ | मृत | | राप्ती सोनारी २ जयदुर्गा सा.व.मा गाडिएको |
| ३० | २०७८/01/27 | चित्तल | कोहलपुर सिक्ता नहर | १ | नहरमा डुबेको | श्रष्टी सा.व | सकुशल |
| ३१ | 2078/02/01 | पाटे बाघ | डुडवा गा.पा ५ खजुरा | १ | मृत | | मृत भएको डि.व.का. मा गाडि ब्यबस्थापन गरेको |
| ३२ | 2078/02/28 | दुइमुखे सर्प | मनिकापुर | १ | सामान्य | कम्दी स्थित जंगलमा छाडिएको | |
| ३३ | 2078/3/15 | सुन गोहोरो | ने.ग.१० | १ | सामान्य | कम्दी स्थित जंगलमा छाडिएको | |
| ३४ | 2078/3/18 | गोही | खजुरा ५ | १ | सामान्य | किरननाला | सकुशल |

| **घाइते भएको वा वन क्षेत्र बाहिर उद्धारका लागि प्राप्त हुन आएका वन्यजन्तुको** | | | | **मृत्यु भएको वन्यजन्तुको** | | | | **घाइते र मृत्यु भएको वन्यजन्तुको उद्धार कार्यमा** | |
|---|---|---|---|---|---|---|---|---|---|
| जात | संख्या | घाइते हुनुका कारण | उद्धार तथा पुर्नस्थापना सम्बन्धी गरिएका कार्यहरु | जात | संख्या | मृत्यु हुनुका कारण | मृत्यु भएका वन्यजन्तुको कुनै अङ्ग सुरक्षित राखिएको भए सो को किसिम र परिमाण | सहयोगी निकायहरु | समस्याहरु |
| | | | | | | | | | |

## १४ कर्मचारी दरबन्दी तथा पदपुर्ति सम्बन्धी विवरण (आ.व. २०७७/७८ को बार्षिकको अन्तमा कायम रहेको)

| क्र.सं. | दरबन्दीको किसिम | स्वीकृत दरबन्दी | हाल कार्यरत | रिक्त दरबन्दी | लोक सेवा आयोगमा पदपूर्तीको लागि माँग आकृति फारम भरी पठाएको वा मन्त्रालयमा जानकारी पठाएको | आ.व. २०७७/७८ को अन्त सम्ममा अनिवार्य अवकाश पाउने | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | डिभिजनल वन अधिकृत (अधिकृतस्तर नवौ/दशौ)- प्राविधिक | १ | १ | ० | | ० | प्रदेश सरकार |
| २ | सहायक वन अधिकृत (अधिकृतस्तर सातौ/आठौ)-प्राविधिक | १० | १० | ० | | ० | प्रदेश सरकार (एक जना अध्ययन विदा) |
| ३ | रेञ्जर (अधिकृतस्तर छैठौ/ सहायकस्तर पाचौ)-प्राविधिक | ८ | ८ | 0 | | | प्रदेश सरकार |
| ४ | लेखा अधिकृत-(अधिकृतस्तर सातौ/आठौ)लेखा | १ | १ | ० | | | प्रदेश सरकार |
| ५ | लेखापाल-.सहायकस्तर पाचौ) | १ | १ | ० | | | प्रदेश सरकार |
| ६ | शाखा अधिकृत (अधिकृतस्तर सातौ/आठौ)-प्रशासन | १ | ० | १ | उ.व.तथा वातावरण मन्त्रालयमा जानकारी पठाएको | | |
| ७ | नायव सुब्बा (सहायकस्तर पाचौ) प्रशासन | १ | ० | १ | उ.व.तथा वातावरण मन्त्रालयमा जानकारी पठाएको | | एक जना टा.नासु कार्यरत |
| ८ | खरिदार (सहायकस्तर चौथो) प्रशासन | १ | ० | 1 | उ.व.तथा वातावरण मन्त्रालयमा जानकारी पठाएको | | |
| ९ | फरेष्टर (सहायकस्तर चौथो)प्राविधिक | २ | १ | 1 | उ.व.तथा वातावरण मन्त्रालयमा जानकारी पठाएको | 1 | प्रदेश सरकार |
| १० | फरेष्टर (सहायकस्तर चौथो)प्राविधिक | ० | ५ | 0 | | | संघिय सरकार पुल दरबन्दी |
| ११ | अपरेटर | १ | १ | 0 | | | |
| १२ | वन रक्षक | ३७ | ३३ | 4 | | | प्रदेश सरकार |
| १३ | हलुका सवारी चालक | २ | २ | 0 | | | |
| १४ | कार्यालय सहयोगी | ३ | ३ | 0 | | | १ जनाले श्रावणमा अनिवार्य अवकास पाउने |
| १५ | चौकीदार | १ | ० | 1 | | | करार सेवा मार्फत महतो कादुलाई खटाईएको, कार्यालयको सुरक्षाका |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | लागिआवश्यक रहेको |
| १६ | हेल्फर | १ | ० | 1 | | | करार सेवा मार्फत राम नारायण चौधरीलाइ खटाईएको |
| १७ | सुवेदार -स.व.र प्रशासन | १ | ० | 1 | | | सघीय दरबन्दी |
| १८ | जमदार -स.व.र प्रशासन | २ | ५ | -3 | | | सघीय दरबन्दी ३ जना बढी कार्यरत |
| १९ | हवल्दार-स.व.र प्रशासन | ४ | ३ | 1 | | | सघीय दरबन्दी |
| २० | सशस्त्र वन रक्षक-स.व.र प्रशासन | १६ | ० | 16 | | | ९ जना करार सेवा मार्फत - वन क्षेत्रको सुरक्षाकलागि अवश्यक. गोपाल बहादुर वली, कालुराम वि.क., भदे रावल, नरेन्देर बहादुरसिजाली मगर,तेज बहादुर खत्री, गोविन्द बहादुर के.सी., रामसिह चौधरी, वल बहादुरथापा क्षेत्री र तिर्थ बहादुर गरुङ्ग) |

## १५. आ.व.२०७७/७८ को बार्षिक प्रगतिको शाराँस

# समष्टिगत वित्तीय प्रगति विवरण

| विवरण (वजेट उ.शि.नं.) | कुल बजेट (रू. लाखमा) | | | कुल खर्च रू. (रू लाखमा) | | | वित्तिय प्रगतीः प्रतिशत | भौतिक प्रगतिः प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | | |
| 30700012 | 0 | 394.5 | 394.5 | 0 | 332.14 | 332.14 | 84.19 | 90 |
| 30700013 | 0 | 200 | 200 | 0 | 115.35 | 115.35 | 57.68 | 90 |
| ३०७०००१४ | 0 | 30 | 30 | 0 | 29.91 | 29.91 | 99.70 | 100 |
| 30700019 | | | | | | | | |
| ३०७००१२० | 133.83 | 27.2 | 161.03 | 127.81 | 27.18 | 155 | 96.26 | 100 |
| प्रशासनिक | | | | | | | | |
| 30700011 | 477.91 | 19.3 | 497.21 | 416.74 | 19.29 | 436.03 | 87.70 | 100.00 |
| 30702011 | | | 1282.74 | | | 1068.43 | | |
| 30702012 | | | | | | | | |
| भौतिक प्रगति ९६ प्रतिशत वित्तिय प्रगति ८३.२९ | | | | | | | | |

## १६. यस कार्यालयबाट सम्पादन भएको मुख्य कामहरूको विवरण

- ८ गोटा पोखरी निर्माण भएको

  डि.व.का. बाँके नेपालगन्जमा १ गोटा पोखरी निर्माण भएको
  श्री राम जानकी सा.व.उ.स.नरैनापुर ६ मा १ गोटा पोखरी निर्माण भएको
  श्री गौरी सा.व.उ.स. रासिसोनारी ४ मा २ गोटा पोखरी निर्माण भएको
  श्री छग्रहवा सा.व.उ.स. डुडुवा ५ मा १ गोटा पोखरी निर्माण भएको
  श्री पशुपतिनगर सा.व.उ.स. नेपालगन्ज २० मा १ गोटा पोखरी निर्माण भएको
  श्री सुनगाभा सा.व.उ.स कोहोलपुर मा १ गोटा पोखरी निर्माण भएको
  श्री दुर्गा भवानी सा.व.उ.स रासिसोनारी ८ मा १ गोटा पोखरी निर्माण भएको

- वन्यजन्तुहरुको संख्या दिनप्रतिदिन बढदै गइरहेको परिप्रेक्ष्यमा मानव बस्तिमा वन्यजन्तुहरुको चहलपहल अत्याधिक हुने गरेको खासगरि वन्यजन्तुहरुको चोरी शिकारी तथा वन अतिक्रमणको समस्याका कारण वन्यजन्तुहरुको वासस्थान असुरक्षित भैरहदा वन्यजन्तुहरु मानव वस्तिमा पस्ने तथा मानवसगको द्धन्द बढिरहेको अवस्था । वन्यजन्तुहरु घाइते अवस्थामा भेटिने र त्यस्ता वन्यजन्तुलाई वन कर्मचारीहरुबाट उद्धार गरि ल्याए पश्चात राख्ने तथा उपचार गर्ने ठाँउ नहुदा वन्यजन्तुहरुलाई बचाउन तथा सकुशल उद्धार गरि फर्काउन कठिन रहेको अवस्था रहेको हुदा यस कार्यालयको परिसरभित्रको खालि जमिनमा एक वन्यजन्तु उद्धार तथा उपचार घर निर्माण गरीएको ।
- वन छेउछाउका क्षेत्रहरुमा आवादी क्षेत्र वढाएर वन अतिक्रमण गर्ने प्रवृत्तिलाई निरूत्साहित गर्न देहायका सामुदायिक वनमा ५००० मिटर नाला /ट्रेन्च निर्माण गरीएको र नालाको वन तर्फको भाग लगायत ८००० मिटर वन र आवादिको विचमा ४४०० वाँसको विरूवा रोपण गरिएको । रोपिएका विरूवाको प्रभावकारी संरक्षणको व्यबस्था सम्बन्धित समुहबाट मिलाइएको थियो।

  १) सिद्धबाबा सामुदायिक वन उपभोक्ता समुहमा १००० मिटर नाला /ट्रेन्च निर्माण गरी ५००० मिटर वन र आवादिको विचमा २५०० वाँसको विरूवा रोपण गरिएको ।
  २) राम जानकी सामुदायिक वन नरैनापुर ७ १५०० मिटर नाला /ट्रेन्च निर्माण गरी १५०० मिटर वन र आवादिको विचमा ७५० वाँसको विरूवा रोपण गरिएको ।
  ३) गुँराशपुर सामुदायिक वन खजुरा ४ १५०० मिटरनाला /ट्रेन्च निर्माण गरी १५०० मिटर वन र आवादिको विचमा ६५०वाँसको विरूवा रोपण गरिएको ।
  ४) राहत सामुदायिक वन नरैनापुर १००० मिटर नाला /ट्रेन्च निर्माण गरी १००० मिटर वन र आवादिको विचमा ५०० वाँसको विरूवा रोपण गरिएको ।

- जिल्ला वाँके नरैनापुर गाउँपालिका वडा नं. १ स्थित झुरुहवा नाका भनिने राष्ट्रिय वनमा वनक्षेत्र खनजोत गरी आवादकमोद गर्न सुरु गरेको ४० हेक्टर वन अतिक्रमण र सो मा बनाएको ५० घरटहरा हटाइएको ।

- लुम्बिनी प्रदेश प्रदेश सभा कृषी वन तथा वातावरण समितीको च.नं. ०५ मिती २०७७।०९।०३ को निर्देशन तथा मिती २०७७ माघ १२ गते श्रीमान प्रमुख जिल्ला अधिकारी राम बहादुर कुरुमाङ्गको अध्यक्षतामा बसेको जिल्ला वन अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन कार्यदलको बैठकको निर्णय बमोजिम श्री झोरा सामुदायिक वन डुडुवा गा.पा. २र ३, नेपालगन्ज उ.म.न.पा. २३ बाँकेमा अनाधिकृत रुपमा बनाइएका ६० गोटा घर टहरा र छाप्रोहरु तथा ५ हेक्टर वन अतिक्रमण हटाइएको थियो।
- बाँके जिल्लाको वन डढेलो नियन्त्रण तथा व्यवस्थापन योजना तयार गरी योजना बमोजिम देहायका कार्यहरु भइरहेको ।
- एफ.एम. छापा पत्रिकाहरुबाट डढेलो नियन्त्रण तथा रोकथाम सम्बन्धी सन्देश प्रशारण
- सूचनामूलक व्रोचर, पम्पलेट प्रकाशन तथा वितरण
- होर्डिङ्ग बोर्ड तयार गर्ने र राख्ने
- सबै सव डिभिजनहरुबाट समुदायमा आधारित डढेलो नियन्त्रक टोली गठन तथा परिचालन
- डढेलो नियन्त्रण सामाग्री गाडि तयारी अबस्थामा राखिएको ।
- वनक्षेत्र भित्र रहेका खहरे तथा खोलाहरु पहिचान नक्साङ्गकन तथा संक्षिप्त कार्य योजना तयारी भएको ।
- वन क्षेत्र भित्रका खोलारखोल्सी व्यबस्थापन तथा नदिजन्य पदार्थ संकलनका लागी राप्तिसोनारी गाँउपालिका वडा नं। २ अन्तर्गत वन क्षेत्र भएर बग्ने मुगुवा खोलाको बगर क्षेत्रबाट दिगो तथा वातावरण मैत्री रुपले मुगुवा खोलाको बहाव व्यवस्थापन तथा नदीजन्य पदार्थ संकलन कार्यको लागी वातावरणीय परिक्षण प्रतिवेदन तयार गरीएको ।
- वनक्षेत्रको जग्गा व्यवस्थापनको अभिन्न अंगको रुपमा वनक्षेत्रका खोलाखोल्सी व्यवस्थापनका लागी शमसेरगन्ज सव डिभिजन वन कार्यालय अर्न्तगत पर्ने सतिसालको प्लट नजिकै राप्तिसोनारी गाँउपालिका वडा नं। २ अन्तर्गत वन क्षेत्र भएर बग्ने मुगुवा खोलामा १५ मिटर तटबन्ध गरीएको ।

- १ गोटा सामुदायिक वनको नया कार्ययोजना तयारी तथा हस्तान्तरण भएको ।
- १ गोटा धार्मिक वनको विधान कार्य योजना तयारी तथा हस्तान्तरण
- २६ गोटा सामुदायिक वनको विधान कार्ययोजना पुनरावलोकन
- सबै सा.व. अनुगमन तथा प्रतिवेदन तयारी
- ३ पटक लेखा तथा अभिलेख तालिम
- १२ पटक वन व्यवस्थापन तालिम तथा अभ्यास
- ६ पटक सव डिभिजन स्तरिय गत वर्षको समिक्षा तथा योजना तर्जूमा गोष्ठी
- १ पटक जिल्ला स्तरिय योजना तर्जुमा गोष्ठी
- १ पटक जिल्ला स्तरिय प्रगति समिक्षा गोष्ठी
- उत्कृष्ठ सामुदायिक वन तथा निजि वन पुरुस्कार
- ४ गोटा वेतजन्य वन उद्यम प्रवर्धनमा सहयोग गरेको ।

- बैजनाथपुर सा व उ स कोहलपुर १४ र १५
- बाबुकुवा सा व उ स डुडुवा ५
- सिद्धिविनायक सा व उ स कोहलपुर २
- दलित महिला संघ नेपालगन्ज

- कोहलपुर सव डिभिजन वन कार्यालयमा रहेको नर्सरीको स्तरोन्नतिकरण भएको ।
- ९0000 बहुवर्षीय विरुवा तथा ४१0000 एक वर्षिय विरुवा उत्पादन भएको ।
- ३१ हेक्टर वृक्षारोपण भएको ।

| | |
|---|---|
| राहत सामुदायिक वन नरैनापुर | १० हेक्टर |
| राप्ति पिडित सामुदायिक वन राप्तिसोनारी | ५ हेक्टर |
| सिद्दवावा सामुदायिक वन , राप्तिसोनारी | ५ हेक्टर |
| बागेश्वरी सामुदायिक वन राप्तिसोनारी | ५ हेक्टर |
| वनशक्ति सामुदायिक वन राप्तिसोनारी | ६ हेक्टर |

- २ गोटा नमुना कृषि वन कार्यक्रम सन्चालन भएको ।
- विभिन्न मितीमा १७ पटक २३ गोटा घाइते टुहुरा बाटो बिराइ गाउ बस्तीमा आएका तथा संकटमा परेका बन्यजन्तु उद्दार गरीएको ।
- राप्तीसोनारी २ ठुरीया वनको ४.३८ हेक्टर क्षेत्रमा लोपान्मुख प्रजाती सतिसाल संरक्षण प्लटको संरक्षण व्यवस्थापन भएको ।
- चोरी कटानी/चोरी शिकारी/नदीजन्य पदार्थ चोरी नियन्त्रण सम्बन्धि २२ गोटा मुद्धामा ६५ जना मानिस पक्राउ तथा काठ ढ्ढद्दठाज्ञड घ.फी. ढुङ्गा १0४ घ.फी. , बाघको छाला १ थान , बाघको हड्डी १० के.जी., कस्तुरीको विना १ थान सक्कली १ थान नक्कली , बदेलको दाह्रा २ थान, हात्तिको दाह्रा १ थान, चित्तलको सिग ४ थान, चित्तल जीउ १ मृत्त, जरायोको मासु ८० के.जी, दुइ मुखे सर्प जीउ १ पक्राउ गरी अभियोजन दायरी भएको ।
- शमसेरगन्ज माथेबास चक्ला वनको सव कम्पार्टमेन्ट C1S2, C2S2, C3S1, C4S6, C5S2, C6S2, C7S1 को ८९ हेक्टरमा सिल्भिकल्चर र नियमित कार्य गरीएको ।
- वनको प्रभावकारी संरक्षण गर्ने उद्देश्यले सात जना वन हेरालु र तथा घाटगद्धि संरक्षण गर्न दुइ जना घाटगद्धि हेरालु वर्ष भरीका लागी राखीएको । वन डढेलोको समयका लागी शमसेरगन्ज माथेबास चक्ला वनको सात वटै सव कम्पार्टमेन्टमा ७ फायर वाचर ४ महिनाको लागी वन डढेलो नियन्त्रणको प्रभावकारी व्यवस्था मिलाइएको ।
- डिभिजन वन कार्यालय , कोहलपुर सव डिभिजन वन कार्यालय र राप्ति सव डिभिजन वन कार्यालयको नर्सरी मर्मत गरी नर्सरीको स्तरोन्नति गरिएको ।
- सिक्टा सव डिभिजन वन कार्यालय स्थित नर्सरीमा ३0000 विरुवा र राप्ति सव डिभिजन वन कार्यालयको नर्सरीमा ३0000 विरुवा गरी ६० हजार मसला , सितलचिनी, बकाइनो, खयर, सिसौ, अमला, सागवान, गोलमोहर, शिरिष प्रजातिका विरुवाहरु नर्सरीहरुमा उत्पादन गरी किसानहरुलाई निः शुल्क विरुवा वितरण तथा वन क्षेत्रमा वृक्षारोपण गरिएको ।

- शमसेरगन्ज सव डिभिजन वन कार्यालयमा वन हेरालु आवाश गृह निर्माण भएको ।
- शमसेरगन्ज माथेबास चक्ला वनमा फायर लाइन १.६ कि.मि. ग्राभेल गरीएको ।
- शमसेरगन्ज माथेबास चक्ला वनको सव कम्पार्टमेन्ट **C3S1** मा स्थित संकटापन्न बनस्पति सतिसाल संरक्षण प्लटको संरक्षणका लागी सो प्लट कटान भइरहेको मुगुवा खोलामा ३० मिटर तटबन्ध गरीएको ।
- जिल्ला वन पैदावार आपुर्ति समितीबाट बनाइको लग यार्डको बाउण्ड्रि निर्माण तथा लग यार्डको पहुच मार्ग तथा लग यार्डमा माटो ग्राभेलले लेभलिङ्ग गरीएको थियो । यसबाट वन क्षेत्रबाट उत्पादन भएका वन मुद्धाको क्रममा बरामद भएका काठ दाउराहरु सुरक्षित राख्न सहज भएको ।

## १७. सूचना अधिकारी र प्रमुखको नाम र पद

प्रमुख र सूचना अधिकारीको नाम र पद यस प्रकार छन ।

क) कार्यालय प्रमुखको नाम : राजु क्षेत्री

पद : डिभिजनल वन अधिकृत,

सम्पर्क नं. :९८५८०२७३२९

इ मेल : raju_chhetri@yahoo.com

ख) सूचना अधिकारीको नाम : गणेश बहादुर खडका

पद : सहायक वन अधिकृत,

सम्पर्क नं. :९८५८०२३३८१

इ मेल : geebikhadka@gmail.com